# रामपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं. ०८२/८३

फोन नं. ०७५४००१४५


कवाडी लगायत अन्यनिकासी ठेक्का सम्बन्धी सूचना

(सूचना प्रकाशितमिति:२०८२/०४/१८, ने.सं. ने.सं. ११४५ गुँल्लाथ्व ९, आइतवार)

प्रस्तुत विषयमा रामपुर नगरपालिका क्षेत्रभित्र संकलन गरिने कबाडी मालसामानमा कवाडी निकासी कर लगाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को दफा ६१ मा भएको व्यवस्था बमोजिम कवाडी संकलन निकासी कर ठेक्काको लागि इच्छुक व्यवसायी/फर्म/कम्पनीले कर शुल्क संकलनका लागि जारी गरेको दरभाउपत्र खरिद गरितोकिएको म्याद भित्र शिलबन्दी गरी दरभाउ पत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | दरभाउपत्र नं. | कार्य विवरण | न्युनतम ठेक्का रकम (मु.अ. कर बाहेक) | दरभाउपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/२०८२/८३ | कवाडी निकासी कर संकलन | ५,००,०००/-(रु पाँच लाख) | रु. १००० | कबोल अंकको ५% | |

**ठेक्का सम्बन्धी सर्तहरु :**

१. ठेक्का अवधि सम्झौता मिति देखी २०८३ असार मसान्त सम्म हुनेछ ।

२. दरभाउपत्र दाताले शिलबन्दी दरभाउपत्रको बाहिरपट्टी ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिनेगरी लेखुपर्नेछ ।

३. कबोल रकम अंक र अक्षरमा प्रष्ट गरी तोकिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ ।

४. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३ प्रतिशत र आय कर १.५प्रतिशत बराबरको राजस्व ठेक्का लिने फर्मले ठेक्का सम्झौता गर्दा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. धरौटी बापत कबोल गरेको अङ्को ५ प्रतिशत रकम यस कार्यालयको नाममा कृषि विकास बैंकमा रहेको धरौटी खाता नं. ०४१५८००९३९३४२२१६ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको मान्यताप्राप्त बैंकको जमानत (बिड बण्ड) को सक्कल प्रति दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको रकम किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार सम्झौता भएपछि आवश्यक कागजात पेश गरिसकेपछी प्रचलित ऐन बमोजिम फिर्ता गरिने छ ।

६. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको यस कार्यालयको नाममा कृषि विकास बैंकमा रहेको खाता नं.०४१५८००९३९४२०६२ आन्तरिक राजस्व खातामा जम्मा गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र खरिद गरी १६ औं दिन दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दर्ता गरी सक्नुपर्नेछ । प्राप्त दरभाउ पत्रहरु सोहि दिनको २ बजे रामपुर नगरपालिकाको कार्यालयमा दरभाउपत्रदाताको रोहवरमा खोलिने छ । दरभाउपत्रदाताहरुको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने दिन सार्बजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद दर्ता तथा खोलिने कार्य गरिनेछ ।

९. ठेक्कामा कुनै विबाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

१०. दरभाउपत्र पेश गर्दा फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता वा प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्र (२०८०/०८१ अथवा २०८१/०८२ प्रतिलिपि)

११. निकासी करको दर सम्बन्धमा नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक योजना तथा अन्य विवरण वेभसाइटमा राखिएको छ ।

सुर्यदर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

# रामपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं. ०८२/८३

फोन नं. ०७५४००१४५

अनुसूची ६

(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)

## जडीबुटी, कवाडी, जीवजन्तु करको दर

| क्र. सं | करको किसिम | करको दर | कैफियत |
|---|---|---|---|
| क्र. सं | करको किसिम | करको दर | कैफियत |
| क) | ऊन, खोटो, जडीबुटी, वनकस | | |
| १ | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | ०।१० | |
| २ | खोटो प्रति के.जी. | ०।५० | |
| ३ | जडीबुटीहरु ( प्रति के. जी.) | ०।४० | |
| ४ | बनकस (खर), बाबियो, मलहन पत्ता, छवाली, पराल, वगास, निगालो, लोकता, पटेर, अम्लिसो (कुच्चो), साइलेज प्रति ट्रक/ट्याक्टर | १००/५० | |
| ख) | कवाडी मालसामान . | | |
| १ | खाली सिसी (वियर) वोतलको साइज हेरी प्रति गोटा | ०।२५ | |
| २ | खाली सिसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | ०।२० | |
| ३ | खाली सिसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रति गोटा | ०।०५ | |
| ४ | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किनआदि) प्रति के.जी | १।५० | |
| ५ | खाली बोराः | | |
| | ५० के.जी सम्म खाद्यान्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा | ०।०५ | |
| | ५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा | ०।०५ | |
| | १०० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका प्रति बोरा | ०।०५ | |
| ६ | तेलको टिनः | | |
| | १० लिटरभन्दा बढी अँट्ने ठूलो प्रति गोटा | ०।१५ | |

सूर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | १० लिटरभन्दा कम अँट्ने सानो प्रति गोटा | ०।१० | |
| ७ | पुनः प्रशोधन (Recycle) गरी पुनः प्रयोग हुन सक्ने | | |
| | झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी | ०।५० | |
| | गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी. | ०।५० | |
| | जलेको मोविल प्रति लिटर | ०।७५ | |
| | जुट र प्लाष्टिकका बोरा प्रति के.जी. | ०।७५ | |
| | कार्पेटका टुक्रा प्रति के.जी. | २। | |
| | टायरट्यूब प्रति के.जी. | २। | |
| | थोत्रो टिन प्रति के.जी. | २। | |
| | पुरानो ड्रम प्रति के.जी. | २। | |
| | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी. | २। | |
| | पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी. | १। | |
| | धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु सामानहरू | २। | |
| | (क) फलाम प्रति के.जी. | ३। | |
| | (ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी. | ८। | |
| | (ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी. | ५। | |
| | पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी. | ४। | |
| | सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी. | ३। | |
| | काँचको धुलो र टुक्रा प्रति के.जी. | ७। | |
| ग) | प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला | | |
| | हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी. | २। | |
| | हाड प्रति के.जी. | १। | |
| | सिंग प्रति के.जी. | १। | |
| | खुर प्रति के.जी. | १। | |

सूर्यदर्शन पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत



Email : rampurmunicipality@gmail.com/info@rampurmun.gov.npर Website:rampurmun.gov.np

| | | | |
|---|---|---|---|
| | छाला (ठूलो) प्रति गोटा | ३०। | |
| | छाला (सानो) प्रति गोटा | १५। | |
| घ) | खयर, साल, सीसौ कटानी सिफारिस (२० वटा रुख भन्दा माथि भए थप प्रति रुख १००) | १००० | |
| ङ) | जडीवुटी तथा अम्रिसो निकासी | प्रति केजि २५ पैसा | |
| च) | रुख छाटकाट झाडी सफाई | रु मा | |
| अ) | घरायसी प्रयोजन | | |
| १ | दाउरा | ५०० | |
| २ | काठ | १००० | |
| आ) | बिक्रि प्रयोजन | | |
| १ | दाउरा | ८०० | |
| २ | काठ | १५०० | |
| छ | जिवजन्तु (रामपुर नगरपालिकाबाट बाहिर ल्याउदा वा नगरपालिका भित्र ल्याउदा ) | रु मा | |
| १ | भैसी/राँगा प्रति संख्या | १०० | |
| २ | गाई/गोरु | ९० | |
| ३ | बाखा, खसि, बोका | ६० | |
| ४ | कुखुरा | १० | |
| ५ | चल्ला | ३ | |
| ६ | सुंगुर/बुगुंर | ४० | |

सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत